Surnaya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Rural Municipal Executive Office
रौलेश्वर बैतडी
Rauleshwar, Baitadi
२०७३


आ.व. (Fy) २०८१/०८२
च.न.(Dispatch. No.) ५५५

सुदूरपश्चिम प्रदेश,नेपाल
Sudurpashchim Province, Nepal

सुर्नया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रौलेश्वर, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

श्री सामुदायिक विद्यालय सबै,
सुर्नया गाउँपालिका, बैतडी।

मिति २०८१/०८/१४

विषय:विपन्न लक्षित छात्रवृतिका लागी फारम भर्ने सम्बन्धमा।

प्रस्तुत विषय सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८१/०७/२९ गते च.न.४४ को सूचना अनुसार विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ उपदफा १ (क) अनुसार सामुदायिक विद्यालयंमा शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरुका लागि आ.व. २०८१/०८२ मा छात्रवृत्ति बितरण गर्ने प्रयोजनार्थ अनुसूचि अनुसारको PMT फारम सम्बन्धित विद्यालयबाट तपसिल बमोजिम भर्ने भराउने व्यवस्था गर्नुहुन अनुरोध छ।

धन बहादुर चँन्द
नि:प्रमुख प्रशासकीय अधीकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

तपसील

PMT फारम भर्ने भराउने प्रकृयाका लागि:

१. मानव स्रोत विकास केन्द्रको वेबसाइटवा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को वेबसाइटमा गई PMT फारम डाउनलोड गरी मङ्सिर मसान्त भित्रमा PMT फारम भराई (IEMIS) प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।

२. उक्त फारम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फारम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनु पर्नेछ।

३. सम्बन्धित विद्यार्थीले विद्यालयवाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्नेछ।

४. सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फारम प्रधानाध्यापकले रुजु र सहीछाप गरी स्थानीय तहमा (सम्बन्धित वडाबाट पनि गर्न सकिने) प्रमाणीकरणका लागि पेश गर्नुपर्नेछ।

५. विद्यालयले माथि उल्लेखित प्रक्रिया पुर्याइ विद्यालयमा प्रात्र भएका PMT फारामहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नुभराउनु पर्नेछ।

IEMIS मा PMT फारम प्रविष्ट गर्नका लागि:

१. मानव स्रोत विकास केन्द्राको वेबसाइट emis.cehrd.gov.np मा लगइन गरी dash boad मा रहेको मेनुमा थिच्नुहोस।

२. PMT मेनुमा थिच्नुहोस। त्यसपछि वर्षमा २०८१, कक्षामा ५ र ८ छान्नुहोस। Load मा थिच्नुहोस।

३. PMT फारम भरेको विद्यार्थीको नामको दायाँतर्फ सोको action मा थिच्नुहोस। PMT फारम खुल्छ। तहाँ विद्यार्थीको प्रमाणित PMT फारममा भरेका विवरण हुबहु भर्नु पर्नेछ।

४. PMT फारम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फारम विद्यालयले सुरक्षित राख्नु पर्नेछ।

**बोधार्थ:**

श्री सूचना प्रविधि शाखा- सूचना वेवसाइटमा अपलोड गरी सूचना सम्प्रेषण गर्न हुन।



Email:surnayagaupalika@gmail.com,ito.surnayamun@gmail.com,info@sunaryamun.gov.np
Website: sunaryamun.gov.np


Scanned with OKEN Scanner